# अधिकार प्रत्यायोजन सम्बन्धी निर्णय

नेपालको संविधानको धारा १५८ को उपधारा (७) ले दिएको अधिकार प्रयोग गरी महान्यायाधिवक्ताले सोही धाराको उपधारा (२) बमोजिम आफूमा निहित अधिकार देहायको शर्तको अधिनमा रही मिति २०७६/११/०६ देखि प्रयोग र पालना गर्न पाउने गरी अधिकार प्रत्यायोजन गरिएको छ।

१. राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) ऐन, २०७६ को दफा ११ ले राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २० मा संशोधन गरी कायम गरेको दफा २० को प्रयोजनार्थ सम्बन्धित अनुसन्धान अधिकारीबाट मुद्दाको अनुसन्धान तथा तहकिकात भई देहाय बमोजिमका राजश्व अनुसन्धान कार्यालयबाट पेश हुन आएका मुद्दामा देहाय बमोजिमका उच्च सरकारी वकील कार्यालयबाट कारवाही गर्ने:-
   (क) राजश्व अनुसन्धान विभागबाट अनुसन्धान भएका मुद्दामा उच्च सरकारी वकील कार्यालय, पाटन
   (ख) राजश्व अनुसन्धान कार्यालय, इटहरीबाट अनुसन्धान भएका मुद्दामा उच्च सरकारी वकील कार्यालय, विराटनगर,
   (ग) राजश्व अनुसन्धान कार्यालय, पथलैयाबाट अनुसन्धान भएका मुद्दामा उच्च सरकारी वकील कार्यालय, वीरगञ्ज,
   (घ) राजश्व अनुसन्धान कार्यालय, बुटवलबाट अनुसन्धान भएका मुद्दामा उच्च सरकारी वकील कार्यालय, बुटवल,
   (ङ) राजश्व अनुसन्धान कार्यालय, कोहलपुरबाट अनुसन्धान भएका मुद्दामा उच्च सरकारी वकील कार्यालय, नेपालगञ्ज।
२. प्रकरण १ बमोजिम प्राप्त मिसिल कागज सहन्यायाधिवक्ता वा सहन्यायाधिवक्ताको हैसियतमा काम गर्ने सरकारी वकीलले तोकेको सो कार्यालयका अन्य सरकारी वकीलले अध्ययन गर्दा सवूद प्रमाणको उचित मूल्याङ्कनबाट मुद्दा चल्ने वा चलाउनु पर्ने देखेमा सोको आधार र कारण सहित सोही ऐनको दफा २० को उपदफा (२) अनुसार निर्णय गरी आवश्यक कानूनी कार्यविधि पुरा गरी मुद्दा दायर गर्न गराउन सम्बन्धित अनुसन्धान अधिकृत समक्ष पठाउने।
३. प्रकरण १ बमोजिम प्राप्त मिसिल कागज अध्ययन गर्दा सवूत प्रमाणको मूल्याङ्कनबाट मुद्दा चलाउनु नपर्ने देखेमा आधार र कारण सहितको आफ्नो राय सहितको निर्णय सोही कार्यालयका सहन्यायाधिवक्ता समक्ष पेश गर्नुपर्ने र सहन्यायाधिवक्ताले मुद्दा चलाउनुपर्ने देखेमा सो बमोजिम गर्न आधार र कारण सहितको निर्णय गरी आवश्यक कानूनी कार्यविधि पुरा गरी गराई मुद्दा दायर गर्न सम्बन्धित अनुसन्धान अधिकृत समक्ष पठाउने।
४. प्रकरण ३ बमोजिम प्राप्त मिसिल कागज अध्ययन गर्दा सहन्यायाधिवक्ताले मुद्दा चलाउनु नपर्ने देखेमा आधार र कारण सहितको आफ्नो राय सहितको निर्णय अन्तिम निकासाको लागि महान्यायाधिवक्ता समक्ष पेश गर्न महान्यायाधिवक्ताको कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने।
५. प्रकरण १ मा उल्लिखित उच्च सरकारी वकील कार्यालयमा सहन्यायाधिवक्ता नभएको अवस्थामा प्रकरण ३ र ४ बमोजिम सहन्यायाधिवक्ताले गर्नुपर्ने कारबाहीको प्रयोजनार्थ मिसिल महान्यायाधिवक्ताको कार्यालयमा पठाउने र तत् सम्बन्धी कारवाही महान्यायाधिवक्ताबाट तोकिएको सहन्यायाधिवक्ताले गर्ने।

प्रस्तुत निर्णयको जानकारी सम्बन्धीत उच्च सरकारी वकील कार्यालय तथा राजश्व अनुसन्धान विभागलाई गराउनु।

२०७६।११।०६

अग्नि प्रसाद खरेल
महान्यायाधिवक्ता